म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६१ शनिबार १७ बैशाख २०७९ औंशी ने. सं. ११४२ चिल्लाथ्व 30 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अघोषित लोडसेडिङले उत्पादन ठप्प

काठमाडौं, १६ बैशाख/विद्युत प्राधिकरणले उद्योगीलाई विद्युत उपभोग गर्न नदिँदा उत्पादनमा कटौती हुँदै आएको छ । विगत एक महिनादेखि विद्युतको समस्या झेल्दै आएका रुपन्देहीका उद्योगी यो साताबाट २४ घण्टा नै अघोषित रूपमा लोडसेडिङको मारमा परेका छन् ।

अघोषित लोडसेडिङ, लो भोल्टेज, ट्रिपिङलगायतका समस्याका कारण रुपन्देहीका उद्योग बन्द सरह रहेको सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष भीष्म प्रसाद न्यौपानेले बताए । उद्योगी व्यवसायीको साझा संस्थासमेत रहेको संघमा जिल्लाका उद्योगीले अघोषित विद्युत कटौतीलाई केही निश्चित समय तोकेर भएपनि विद्युत सप्लाई गर्न जोडदार माग गरेका छन् । ३३ केभिए र ११ केभिए औद्योगिक कोरिडोरका उद्योगीमा २४ घण्टा नै विद्युत कटौती हुँदा उद्योग सञ्चालन ठप्प रहेको भन्दै नेपाल विद्युत प्राधिकरण प्रणाली सञ्चालन विभाग, विद्युत कार्यालय बुटवल ग्रिड शाखा र वितरण केन्द्र भैरहवा, बुटवल तथा नयाँमिललाई समेत ध्यानाकर्षण गराएको छ ।

संघले उत्पादन जस्तो गम्भीर विषयमा केन्द्रित भई राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिने उद्योगलाई गुणस्तरीय तथा निरन्तर विद्युत आपूर्तिको तालिका मिलाएर भएपनि सञ्चालनको वातावरण मिलाउन आग्रह गरेको छ । -साभारः इकागज

# तीन मेयरसहित ८६ जनाले लिए उम्मेदवारी फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ बैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको लागि उम्मेदवारी दिएका ८६ जनाले शुक्रबार उम्मेदरी फिर्ता लिएका छन् ।

बैशाख ११ र १२ गते स्थानीय तहको विभिन्न पदमा उम्मेदवारी दिएका तीन मेयरसहित ८६ जनाले उम्मेदवारी फिर्ता लिएका हुन् । निर्वाचन आयोगले शुक्रबार उम्मेदवारी फिर्ता लिने समय दिएको थियो । उक्त समयमा जिल्लाको विभिन्न पालिकाबाट उम्मेदवारी दिएका ८६ जना निर्वाचन प्रक्रियाबाट बाहिरिएका छन् । हेटौंडा उपमहानगरपालिकाको मेयरमा उम्मेदवारी दिएका तीनजनाले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय हेटौंडाले जनाएको छ ।

मेयरमा जसपाकी दीपा लामा, नेपालका लागि नेपाली अभियानका सुकुन्दप्रसाद आचार्य र स्वतन्त्र उम्मेदवार सुरक्षा रिजालले मेयरबाट आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । उपमेयरमा नेकपा समाजवादीकी मखकुमारी तिमल्सिना र जसपाका हरिहर खतिवडाले उम्मेदवारी फिर्ता लिएका छन् । उनीहरुसँगै वडा अध्यक्ष र सदस्यमा गरी ४४ जनाले उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृतको कार्यालय हेटौंडाले जनाएको छ ।

वडाध्यक्षबाट उम्मेदवारी फिर्ता लिनेमा नेपाली कांग्रेसका युवा नेता रविन्द्र घिमिरे पनि रहेका छन् । पार्टीले हेटौंडा-२ को टिकट दिएपनि उम्मेदवार बन्न नपाएका घिमिरेले स्वतन्त्र रुपमा वडाध्यक्षमा उम्मेदवारी दिएका थिए । कांग्रेसले हेटौंडा-२ को वडाध्यक्ष विष्णुगोपाल महर्जनलाई आधिकारिक मानेपछि घिमिरे व्याक भएका हुन् । पार्टीले उनलाई जिल्ला सदस्य समेत मनोनित गरेको छ । उनले आफूले उम्मेदवारी झिकेपनि पार्टीलाई जिताउन सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनले आफू निकटका कार्यकर्तालाई पनि गठबन्धनको आधिकारिक उम्मेदवारलाई मतदान गर्न अपिलसमेत गरेका छन् ।

त्यस्तैगरि नेपाली कांग्रेस (वीपी) पार्टीबाट मनहरी गाउँपालिकाको अध्यक्षको उम्मेदवार बनेका शंकर न्यौपानेले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । नेपाली कांग्रेसले टिकट वितरणमा विभेद गरेको भन्दै उनले उम्मेदवारी दिएका थिए । कांग्रेस जिल्ला सभापति बुद्ध लामा र प्रवक्ता अर्जुन चौलागाईंले मनहरी नै पुगेर उनको उम्मेदवारी फिर्ताका लागि पहल गरेका थिए ।

उनले पार्टीले टिकट वितरणलाई व्यवस्थित नबनाएको प्रति दु:ख व्यक्त गरेका थिए । न्यौपाने अघिल्लो स्थानीय तहको निर्वाचनमा प्रमुख पदमा उम्मेदवार थिए । उनी थोरै मतान्तरले पराजित भएका थिए । मकवानपुरको बकैंया गाउँपालिकामा १८ जना उम्मेदवारहरुले मनोनयन फिर्ता लिएका छन् । मनोनयन फिर्ता लिनेमा दुई जना अध्यक्षका उम्मेदवार, ७ जना वडाध्यक्षका उम्मेदवार र ९ जना वडासदस्यका उम्मेदवार रहेको निर्वाचन अधिकृत कार्यालय बकैंयाले जनाएको छ ।

कार्यालयका अनुसार कृष्ण घिमिरे र लक्ष्मीमाया माझीले अध्यक्षबाट उम्मेदवारी फिर्ता लिएका छन् । घिमिरेले स्वतन्त्र रुपमा अध्यक्ष पदमा उम्मेदवारी दिएका थिए भने माझीले नेकपा माओवादी केन्द्रको तर्फबाट उम्मेदवारी दिएकी थिइन् । भागवण्डामा बकैया कांग्रेसले पाएको हुनाले गठबन्धनबाट अध्यक्षको उम्मेदवार बनेका कांग्रेसका धर्मराज लामिछानेलाई सघाउने भन्दै माझिले उम्मेदवारी फिर्ता लिएकी हुन् । त्यस्तै गाउँपालिका वडा नम्वर २ का कर्णबहादुर स्याङ्तान, वडा नम्वर ४ का दीपक कार्की, वडा नम्वर ५ का रामबहादुर थिङ, सेतेलाल गोङवा, वडा नम्वर १० का आइत सिं मोक्तान, वडा नम्वर ११ का लोकमान गोले र वडा नम्वर १२ का संजय लामा डिम्डुङले वडाध्यक्षको उम्मेदवारी फिर्ता दिएका हुन् ।

त्यसैगरी महिला वडा सदस्यतर्फ वडा नम्वर २ का कल्पना वाईबा र वडा नम्वर १० का पातली माया गोले, दलित महिला वडा सदस्यतर्फ वडा नम्वर ४ का दुर्गा विश्वकर्मा, खुल्ला वडासदस्यतर्फ वडा नम्वर २ का नेमशी बल, बाबुलाल जिम्बा, वडा नम्वर ४ का सुमन घिमिरे र प्रकाश बस्नेत, वडा नम्वर ५ का जमबहादुर तामाङ र वडा नम्वर ७ का खोमबहादुर थापामगरले उम्मेदवारी फिर्ता लिएको निर्वाचन अधिकृत कार्यालयले जनाएको छ ।

मकवानपुरको इन्द्रसरोबर गाउँपालिकामा ८ जना उम्मेदवारहरुले मनोनयन फिर्ता लिएका छन् । दुई जना अध्यक्षका उम्मेदवार, चार जना वडाध्यक्षका उम्मेदवार र दुई जना वडासदस्यका उम्मेदवारले मनोनयन फिर्ता लिएको निर्वाचन अधिकृत कार्यालय इन्द्रसरोबरले जनाएको छ ।

कार्यालयका अनुसार कुन्साङ लामा र दीपककुमार ठकुरीले अध्यक्षको मनोनयन फिर्ता लिएका छन् । त्यस्तै गाउँपालिका वडा नम्वर २ का रत्नबहादुर थापामगर, वडा नम्वर ३ का राजनकुमार ठकुरी, वडा नम्वर ४ का सिंगबहादुर लामा र वडा नम्वर ५ का राजन लामाले वडाध्यक्षको उम्मेदवारी फिर्ता दिएका हुन् । त्यसैगरी वडासदस्यतर्फ वडा नम्वर २ का अरुण तामाङ र वडा नम्वर २ का ईनोद लामाले उम्मेवदवारी फिर्ता दिएको निर्वाचन अधिकृत कार्यालयले जनाएको छ । उत्तरी मकवानपुरको थाहा नगरपालिकामा स्थानीय तहको निर्वाचनका लागि उमेदवारी दिएकामध्ये १५ जनाले फिर्ता लिएका छन् ।

फिर्ता लिनेमध्ये नेकपा एकीकृत समाजवादीका ९ जना छन् । राप्रपाका ३ जना, मंगोल नेशनल अर्गनाइजेशनका १ जना र स्वतन्त्र २ जना छन् । एकीकृत समाजवादीका तर्फबाट १ नम्वर वडाका उमेदवार सानुकाजी गोपाली, वडा नम्बर ४ का अध्यक्ष पदका उमेदवार अभिशेष बलसहित सबै सदस्य, वडा नम्बर ७ का अध्यक्ष पदका उमेदवार हरिबहादुर स्याङ्तानलगायत छन् ।

यसैगरी राप्रपाका तर्फबाट उमेदवारी दिएका वडा नम्बर १० का अध्यक्षका उमेदवार प्रेम थापासहित कल्याणकुमार अर्याल र २ नम्बरका सदस्य पदका उमेदवार पुरुषोत्तम कार्कीले उमेदवारी फिर्ता लिएका छन् । यसैगरी वडा नम्वर ४ का अध्यक्ष पदका स्वतन्त्र उमेदवार बिनोद केसी र ३ का अध्यक्ष पदका स्वतन्त्र उमेदवार मनिष अधिकारीले उमेदवारी फिर्ता लिएकोनिर्वाचन अधिकृतको कार्यालयका निर्वाचन अधिकृत तीर्थराज भट्टराइले जानकारी दिए । अब वडा नम्बर ८ मा टिकाराम रुम्बा र ९ का सरोजकुमार रेग्मी मात्र अध्यक्ष पदमा स्वतन्त्र उमेदवार रहेका छन् । रुम्बा निवर्तमान वडा अध्यक्ष हुन् । थाहानगरमा कुल ६२ पदका लागि प्रमुख राजनीतिक दलहरु नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चाका गरि कूल २५५ जनाले उमेदवारी दर्ता गराएका थिए । तीमध्ये नेकपा एमाले वडा नम्बर ५ का दलित महिला सदस्य निर्विरोध निर्वाचित र १५ जनाले फिर्ता लिएपछि अब २३९ जनाले निर्वाचनम भाग लिनेछन् ।

## हेटौंडा १ मा कांग्रेसलाई समाजवादीको साथ

हेटौंडा, १६ बैशाख/ नेकपा एकीकृत समाजवादीबाट हेटौंडा उपमहानगरपालिका-१ को वडाध्यक्षका उम्मेदवार लोकबहादुर घिसिङले उम्मेदवारी फिर्ता लिएका छन् । घिसिङले गठबन्धनको तर्फबाट उम्मेदवार बनेका कांग्रेसका सविन न्यौपानेलाई सहयोग गर्ने भन्दै उम्मेदवारी फिर्ता लिएका हुन् ।

उनले आफूले उम्मेदवारी झिकेपनि न्यौपानेलाई जिताउन सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । घिसिङले आफू निकटका कार्यकर्तालाई पनि गठबन्धनको आधिकारिक उम्मेदवारलाई मतदान गर्न अपिलसमेत गरेका छन् । घिसिङले उम्मेदवारी फिर्ता गरेर आफूलाई समर्थन गरेकोमा १ नम्वर वडाध्यक्षका उम्मेदवार न्यौपानेले धन्यावाद दिए । उनले आफूले सबैसँग सहकार्य गरेर काम गर्ने पनि बताए ।


# सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरूः**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



'आमा अशिक्षित नैं किन नहुन् तर हाम्रा लागि उनी नैं पहिलो गुरु हुन् ।'

**माताातीर्थ औंसी अर्थात आमाको मुख हेर्ने दिनको अवसरमामा चित्रकला प्रतियोगिता सम्बन्धी सूचना**

यस हेटौंडा स्कूल अफम्यानेजमेन्टद्वारा मातातीर्थ औंसी अर्थात आमाको मुख हेर्ने दिनको अवसरमामा हेटौंडा उपमहानगर पालिकाअन्तर्गतका विद्यालय स्तरीय (कक्षा १-१२) चित्रकला प्रतियोगिता सञ्चालन गर्न लागेको हुँदा उक्त प्रतियोगितामा भाग लिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- चित्रकला विषय : आफ्नै आमाको मुहार चित्र बनाउनु पर्ने ।
- माध्यम : कुनै पनि माध्यममा चित्र निर्माण गर्न सकिने छ ।
- चित्रको साइज : न्युनतम पनि १८ इन्च २४ इन्चको हुनु पर्नेछ ।
- पेन्टीङलाई फ्रेम गरिएको हुनु पर्नेछ ।
- पेन्टीङलाई आ-आफ्नो विद्यालयबाट प्रमाणित गरिएको हुनु पर्नेछ ।
- चित्रकला पूर्णतया आफैले निर्माण गरेको हुनु पर्नेछ । कुनै पनि शंकास्पद भेटिएमा त्यस्ता चित्रकलालाई प्रतियोगितामा समावेश गरिने छैन ।
- पुरस्कार राशी : उक्त चित्रकलाहरुमध्ये निर्णायक कमिटीले उत्कृष्टताका आधारमा छनौट गरेको चित्रकलालाई प्रमाणपत्रसहित निम्नानुसार पुरस्कृत गरिनेछ ।



प्रथम : नगद रु. ५०,०००।००
द्वितीय : नगद रु. ३००००।००
तृतीय : नगद रु. १५०००।००
सान्त्वना : नगद रु. ५०००।०० (५ जनालाई )

आ-आफ्ना चित्रकलाहरुलाई मिति २०७९ जेठ ६ गते सम्ममा यस महाविद्यालयमा बुझाइसक्नु पर्नेछ ।

कडा अनुशासन स्तरीय शिक्षा

**हेटौंडा स्कूल अफम्यानेजमेन्ट, हेटौंडा**

०५७-५२४७०१



हेटौंडालाई Green City बनाउने उद्देश्यसहित

सुन्दर नगरी हेटौंडामा बिक्री

# शुभारम्भ

YADEA
e-SCOOTERS






**Offer**
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**

हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)

प्रो. सबी भण्डारी ९८५५०६७४६०

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# इलोन मस्क भन्छन्– ट्वीटर खरिद गर्न ४६.५ अर्ब डलर संकलन भइसक्यो




काठमाडौं/इलोन मस्कले ट्वीटर खरिद गर्न ४६.५ अर्ब डलर रकम जम्मा गरिसकेको र खरिद सहमतिको लागि कम्पनीसँग छलफल गरिरहेको बताएका छन् । गतसाता मस्कले ट्वीटर कम्पनीलाई प्रति शेयर ५४.२० डलरमा किनेर नीजि बनाउने प्रस्ताव गरेका थिए । मस्कको प्रस्तावका आधारमा ट्वीटरको मूल्य ४३ अर्ब डलर हुने थियो ।

मस्कले सुरुमा ट्वीटर कम्पनी किन्ने प्रस्ताव राख्दा त्यसका लागि पैसा कसरी जम्मा गर्छन् भनेर बताएका थिएनन् । बिहीबार अमेरिकी नियामक संस्था सेक्युरिटिज एण्ड एक्सचेन्ज कमिसन (एसइसी) मा दायर गरेको कागजातमा उनले ट्वीटरको सम्पूर्ण शेयर किन्नका लागि 'टेण्डर अफर' गर्ने विकल्पमा विचार गरिरहेका बताएका छन् ।

'टेण्डर अफर' अन्तर्गत ट्वीटरका ९ प्रतिशत शेयरका मालिक मस्कले उनको प्रस्तावलाई बोर्डसामु होइन सिधै शेयर होल्डर सामु राख्नेछन् । एसईसीमा दायर दस्तावेजमा ट्विटरले मस्कको प्रस्तावप्रति कुनै प्रतिक्रिया नजनाएको उल्लेख गरेको छ । बिहीबार नै ट्वीटरले एक विज्ञप्ति जारी गर्दै आफूहरुले मस्कको परिमार्जित प्रस्ताव प्राप्त गरेको बताएको छ । विज्ञप्तिमा आगाडि भनिएको छ : 'कम्पनीको बोर्डले मस्कको प्रस्तावलाई ध्यान दिएर मूल्यांकन गरिरहेको छ । मूल्यांकनमार्फत कम्पनी र सबै ट्वीटर शेयर होल्डरलाई जे कुराले सबैभन्दा फाइदा हुन्छ, त्यही मार्ग तय गरिनेछ ।' यसअघि ट्वीटरको बोर्डले कम्पनी मस्कको स्वामित्वमा जानबाट रोक्न 'पोइजन पिल' रणनीति अंगालेका थिए, जुन रणनीतिले कम्पनी खरिदलाई महंगो बनाउने थियो । ट्वीटरको खरिदमा मस्कलाई वित्तिय सहयोग गर्न मोर्गन स्ट्यान्लेलगायत कयौं बैंक अगाडि सरेका छन् । वित्तिय सहयोगका लागि अघि सर्ने बैंकमा मोर्गन स्ट्यान्लेका अतिरिक्त बार्क्ले, बैंक अफ अमेरिका, सोसाइटी जनरल, मिजुहो बैंक, बीएनपी परिवास र मित्सुविशी यूएफजे फाइनान्सियल ग्रुप पनि छन् । -साभार: रातोपाटी

**यौन/जीवनशैली**

# 'यौनको विधि र आसनबारे छलफल नै गर्दैनन् नेपाली दम्पती'



काठमाडौं/एउटा भनाइ छ, नेपाली दम्पतीको खटपट ओछ्यानबाट सुरु हुन्छ । यसले दम्पतीबीच हुने यौन असमझदारी र असन्तुष्टितर्फ संकेत गर्छ । 'यौन' भन्नासाथ खुम्चिने नेपाली समाज यसबारे खुला बहस गर्न हच्किन्छ । यौनलाई 'छाडा' भन्ने मनोसामाजिक धारणाको दीर्घकालीन असर दम्पतीको ओछ्यानसम्म परेको छ । नतिजा, श्रीमान-श्रीमती एकआपसमा यौनका विषयमा कुरा गर्दैनन् । यौनका तौरतरिका र विधिहरुमा बहस गर्दैनन् । त्यसैले उनीहरु उन्मुक्त यौनसुखबाट वञ्चित छन् ।

नेपाली दम्पतीको यौन व्यवहार आफैंमा संकुचित र अतृप्त रहेको बताउँछन्, मनोविद्हरु । 'अधिकांश दम्पती यौन सुखको उत्कर्षमा पुग्न पाउँदैनन्,' मनोचिकित्सक विजय ज्ञवाली भन्छन्, 'यसमा उनीहरु पूर्णतया सन्तुष्ट भइरहेका छैनन् ।' विवाहेत्तर सम्बन्धदेखि सम्बन्ध-विच्छेदसम्मको स्थिति आउनुमा 'अतृप्त यौन' पनि एउटा मूल कारण रहेको उनीहरुको भनाइ छ । 'नेपाली समाजले यौन व्यवहारलाई सहर्ष रुपमा स्वीकार्न सकेको छैन,' मनोचिकित्सक ज्ञवाली भन्छन्, 'किनभने यसलाई बद्नाम गरिएको छ ।' यौनका विषयमा दम्पतीबीच जति बहस हुनुपर्ने हो त्यसो नभएको उनको विश्लेषण छ ।

**छैन छलफल**

कसरी यौन सुखभोग गर्ने ? कसरी यसमा दुवै पार्टनर सहभागी हुने ? कसरी चरम आनन्दको स्थितिमा पुग्ने ? कस्तो आसन अपनाउने ? कस्तो वातावरण व्यवस्थापन गर्ने ? यस विषयमा दम्पतीबीच सायदै कुराकानी हुन्छ । कतिसम्म भने एक जनामा यौन इच्छा जाग्नासाथ अर्को पार्टनर तयार हुनुपर्ने प्रवृत्ति छ । त्यसैले दुवैजना समान रुपमा यौनमा सक्रिय र सहभागी भइरहेका हुँदैनन् । मनोविद् गोपाल ढकाल भन्छन्, 'यौन भनेको पुरुषको मात्र अधिकार हो भन्ने मनोविज्ञान छ । महिलाले यौनको विषयमा खुलेर कुरा गर्दा चरित्रलाई लिएर प्रश्न गरिन्छ ।' त्यसैले महिलाले चाहेर पनि यौनप्रतिको आफ्नो रुचि जाहेर गर्न नसक्ने उनको बुझाइ छ ।

मनोविश्लेषक वासु आचार्य सांस्कृतिक, आर्थिक, सामाजिक, धार्मिक कारणले यौन छलफलको विषय नहुने बताउँछन् । पौराणिक मूल्य मान्यताहरुलाई अनुशरण गर्दा यौनको विषयमा खुलेर बोल्न हुँदैन भन्ने मान्यता रहेको छ । 'छलफल गर्ने प्रवृत्ति नँया पुस्ताले गरेपनि सबैका हकमा यो लागु भएको छैन' मनोविद् करुणा कुवँर भन्छिन्, 'यौनका विषयमा खुल्ला रुपमा छलफल गर्दा नराम्रो सोच्छन् भन्ने भय छ ।' 'नेपाली समाजमा यौन शिक्षा र यौन सन्तृष्टि दुवैको कमी छ,' मनोचिकित्सक विजय ज्ञवाली भन्छन् ।

**पुरुष हाबी**

अक्सर यौनमा पुरुष हाबी हुने गरेका छन् । जब पुरुषलाई यौन इच्छा जाग्छ, तब उनीहरु यौन क्रिया सुरु गर्छन् । पार्टनर तयार छन् वा छैनन्, पार्टनरको मानसिक स्थिति कस्तो छ ? उनीहरुले बुझ्ने धैर्यता राख्दैनन् । बस्, आफूमा इच्छा जाग्नासाथ उनीहरु महिलामाथि भोग गर्न हतारिन्छन् । यसैगरी वीर्य स्खलनपछि उनीहरु शिथिल हुन्छन् । महिला पार्टनरले यौनमा सुखभोग गरे वा गरेनन् ? उनीहरु बुझ्न चाहँदैनन् । आखिर किन महिलाहरु आफनो यौन इच्छा बताउँदैनन् ? किन उनीहरु आफ्नो सन्तुष्टि अनुरुप यौन क्रियामा सहभागी हुँदैनन् ? 'महिलाले यौनबारे कुरा गर्दा यौनमा अग्रसरता देखाउँदा उनीमाथि नराम्रो धारणा राखिन्छ,' मनोचिकित्सक ज्ञवाली भन्छन्, 'त्यसैले उनीहरु चुपचाप बस्न बाध्य छन् ।' पुरुषप्रधान सोचका कारण पनि दम्पतीको यौन जीवन खल्लो हुने गरेको उनको बुझाइ छ । 'कुनै महिलाले विवाहको पहिलो रातमै सक्रियता देखाइन् भने उनीमाथि शंका गरिन्छ,' ज्ञवाली भन्छन् । मनोविद करुणा कुँवरका अनुसार महिलाभन्दा पुरुष नै बढी यौनमा अग्रसर हुने गर्छन् । 'यद्यपि पछिल्लो पुस्तामा केही परिवर्तन देखिदैछ,' कुँवर भन्छिन्, 'उनीहरु आपसी समझदारी र सक्रियता खोज्न थालेका छन् ।'

**अपनाउँदैनन् आसन**

यौन सुखका लागि अनेकन आसन प्रचलनमा छन् । विश्वकै पहिलो यौन संहिता मानिएको वात्सयानको कृति 'कामसूत्र'ले पनि यौनका आसन र त्यसको प्रयोग विधि उल्लेख गरेको छ । हाम्रा मन्दिरका टुँडालहरुमा यौन आसनका अनेक आकृति देख्न सकिन्छ । यौनमा नयाँपन अनुभव गर्नका लागि यौनका भिन्नभिन्नै आसन अभ्यास गर्नुपर्ने सुझाव दिइन्छ । यद्यपि, नेपाली दम्पती यौन आसनबारे त्यति अभ्यास नगर्ने मनोविद्हरुको बुझाइ छ । यौन आसनले यौनलाई ताजापन दिन्छ । सधैं एउटै खाना खाँदा रुचि कम भएजस्तै एउटै आसनले सन्तृष्टि दिन नसक्ने मनोविद् गोपाल ढकाल बताउँछन् । यौनको आसनले यौन जीवनलाई नवीकरण गर्न सहयोग पुऱ्याउने भएकाले यसबारे नयाँ पुस्ताको सक्रियता बढ्दै गएको उनको भनाइ छ ।

कतिपयले भने देखासिकीमा यौन आसन अपनाउँदा त्यसले यौन सन्तुष्टि भन्दा बढी पीडा दिने गरेको बताउँछिन्, मनोविद् कुँवर । अहिले कतिपयले पोर्न साइट हेरेर त्यसैको सिको गर्ने गर्ने गरेको उनी बताउँछिन् । 'पोर्न साइटमा त अभिनय गरिएको हो । धेरै टेक लिएर त्यस्तो छायांकन गरिन्छ,' कुँवर भन्छिन्, 'अन्धाधुन्द त्यसैलाई अनुसरण गर्दा यौन सुख प्राप्त नहुन सक्छ ।' यौन शारीरिक क्रिया भएपनि भावनात्मक उपस्थिति महत्वपूर्ण हुने उनको भनाइ छ । त्यसैले यौनमा सहभागी भइरहँदा उनीहरु कस्तो भावनात्मक स्थितिमा छन् भन्ने कुराले यौन सुखको निर्धारण गर्छ । मनोविश्लेषक सिग्मड फ्रायडको अनुसन्धानले के देखाएको छ भने यौनमा ८० प्रतिशत उपस्थिति मानसिक हुन्छ । त्यसमा शारीरिक उपस्थिति २० प्रतिशत मात्र हुन्छ ।

**गरिबी र अस्तव्यस्त जीवन यौन सुखको बाधक**

आर्थिक कमजोरी, गरिबी, बेरोजगारी र धपेडीपूर्ण जीवनले पनि अहिले नेपाली दम्पतीको यौन सुख हरण गरिरहेको मनोविदहरुको भनाइ छ । व्यक्तिको मानसिक स्वास्थ्य कस्तो छ भन्ने कुराले उनीहरुको यौन जीवनमा प्रभाव पार्छ । मानसिक रुपले स्वस्थ मान्छेले मात्र पूर्ण रुपमा यौन सुखभोग लिन सक्छन् । तर आज मान्छे धपेडीमा छ । तनावमा छ । गरिबी र बेरोजगारीले सताइएका छन् । यावत् कुराले उनीहरुको मनस्थिति खलबलिएको छ । नतिजा, यौनमा उनीहरु मानसिक रुपले पूर्ण सहभागी हुन सकिरहेका छैनन् ।

'तनावमा भएको बेला गरिने यौन सम्पर्कबाट कुनै आनन्द अनुभव गर्न सकिँदैन,' मनोचिकित्सक ज्ञवाली भन्छन्, 'यो सन्तान उत्पादन गर्नका लागि मात्र हुन्छ ।' उनका अनुसार यौन सुख भनेको पुरुष र महिलाले गर्ने यौन सम्पर्क मात्र होइन । हात समातेर कुरा गर्ने, बसेर चिया खाने, करेसाबारीमा काम गर्ने, सुत्ने बेलामा कुनै विषयमा लामो समयसम्म छलफल गर्ने, सँगै किताब पढ्ने, स्पर्श गर्ने, चुम्बनले पनि यौन सुख प्राप्त गर्न सकिन्छ । शारीरिक सम्पर्कले मात्र यौन सुख दिन्छ भन्ने गलत धारणा रहेकाले आर्थिक कमजोरी, गरिबी, बेरोजगारी तथा धपेडीपूर्ण जीवनलाई व्यवस्थापन गरेर यौन सुख लिन सकिने उनको बुझाइ छ ।

सम्बन्धलाई एकदमै नियन्त्रण गर्न खोज्ने प्रवृत्तिले पनि यौन सुख प्राप्त गर्न नसकिने बताउँछिन्, मनोविद् कुवँर । यौन सम्पर्क मानसिक रुपमा तयार भएर गरियो भने मात्र वास्तविक यौन सन्तृष्टि सकिने उनको भनाइ छ । यौन भनेको एकदमै खुसी र आनन्दको बेलामा गरिने क्रियाकलाप भएकाले आर्थिक कमजोरी, गरिबी, बेरोजगारी तथा धपेडीपूर्ण जीवनले प्रत्यक्ष प्रभाव पार्ने मनोविद् गोपाल ढकाल बताउँछन् । -साभार: अनलाईनखबर

**साहित्य**

# भयानक सपना



**सन्देश लामिछाने**

मान्छेका विभिन्न चाहनाहरू हुन्छन् । कोही घुम्न मन पराउँछन्, कोही यताउता हिँडडुल गर्न । कोही साइकल चढेर त कोही बाइक चढेर घुम्न मन पराउँछन् । कोही घरमै बसी आनन्दका साथ बस्न मन पराउँछन् ।

नेपाल त्यस्तो देश पनि हो जहाँ हिमालहरू पाइलैपिच्छे देखिन्छन् । त्यसैले पनि त होला कोही ती विभिन्न हिमालहरू चढ्न मन पराउँछन् । सबैले आफूलाई अलिअलि भए पनि समय छुट्टयाएका हुन्छन् मनोरञ्जन अनि मन भुलाउनका लागि, साथै आनन्द लिनका लागि । वैशाख ३० गतेको चुनावी माहोल चलिरहँदा नै आज एउटा भयानक सपना देखेको छु । म त सपना देखेकै भरमा आत्तिएँ । राती उठेर ७ घुट्की पानी पनि पिएको छु आज । भयानक सपना बिहानसम्म बिर्सेला भन्दै आफ्नो सपनालाई चित्रण गर्दै राति नै यो लेख तयार पारेको छु । अहिले ठ्याक्कै रातिको १२:२७ बजिरहेको छ ।

सपनाको पात्रलाई मैले चिनेको छैन, न उसलाई सपनामा कसैले उसको नामले बोलायो । यस कथामा म उसलाई एउटा काल्पनिक नाम 'आकाश' ले सम्बोधन गर्न चाहन्छु । आकाश ट्रेकिङ पेसामा संलग्न थियो र एउटा कुनै कम्पनीमा आवद्ध थियो । करिब ८ वर्षसम्म त्यो जागिर खाएर ऊ विज्ञ भैसकेको थियो । अहिले उसले आफै एउटा कम्पनी खोलेर बसेको छ, जसले पर्यटकहरूलाई घुमाउन लैजान्छ ।

ऊ पनि कहिलेकाहीँ घुम्न निस्किन्छ । आफ्नो धरातल बिर्सिँदैन । कहिलेकाहीँ हिमाल पनि चढ्न जान्छ र खुसी हुँदै फर्किन्छ । बेलाबखत हिमाल चढ्नका लागि पर्यटकहरू आउँदा ऊ पनि सँगै हिमाल चढ्न जान्छ । काठमाडौँको आकाशबाट नदेखिने ताराहरू उसले हिमालमा आफैमा ताराहरू भेट्टाउँछ । हिमालको टुप्पोमा पुगी भिडिओ बनाउँछ, खुसी हुन्छ र भन्छ- हिमालको चुचुरोले पनि मलाई छुन सक्दैन किनकि म आकाश हुँ, आकाश ।

प्राय: धेरै अग्ला चुचुराहरूमा पुगेर उसले भिडिओहरू बनाएको छ । नेपालका लागि घुम्ने सिजन बनेसँगै पर्यटकहरू भरपूर मात्रामा आउने क्रम जारी छ । ऊ एकदम उत्साहित देखिन्छ किनकि यसपालि उसको सगरमाथा चढ्ने पालो पाएको छ, साथी पाएको छ, अवसर पाएको छ । हिमाल चढ्न मन पराउने मान्छे, उसले यो अवसर चाहेर पनि गुमाउला र ? बिलकुल नगुमाउने सोचमा थियो ऊ ।

विभिन्न नेपाली पर्यटकहरूदेखि लिएर बाह्य पर्यटकहरू पनि उसको समूहमा सामेल थिए । घुमघामको २१ औं दिन चलिरहेको थियो, भिडिओ बनाउँदै हिँडिरहेको थियो ऊ । सतहबाट धेरै माथि पुगिसक्दा उसले ठूला-ठूला महलहरू देख्यो । उता महलहरू हावामा तैरिरहेका थिए र भयंकर ठूला बगैंचा बनाएर सजाइएका थिए । कतै सपनामा त हैन भनेर उसले आफैलाई चिमोट्यो । बिपनामै रहेछ । उसले आँखाले देखेको अनि कैद गरेको दृश्य सायदै अहिलेसम्म कसैले देखेका थिए । उसले ती ठूला महलहरूका बगैँचामा थुप्रै भगवानहरू, नाग, किन्नर, अप्सरा, आदि इत्यादि देख्यो । त्यही दिन सुसारेहरूले स्वर्गलोकका महलहरू अन्तर्ध्यान हुने बत्ती निभाउन बिर्सेका रहेछन् । त्यसैले आज आकाशले यस्तो दृश्य देख्न पाइरहेको छ । फोटोमा कैद गर्दै उसले आफ्ना साथीहरूलाई पनि बोलायो । उसका ९ जना साथीहरू पनि त्यहाँ छिटोभन्दा छिटो आइपुगे । सबैले टाढैबाट प्रणाम गरे र एकछिनसम्म मन्त्रमुग्ध भएर त्यो दृष्य हेरिरहे ।

मानिसहरू चोकतिर गफिन्छन्- 'यत्रो सानो देशमा जनताभन्दा कार्यकर्ता बढी भेटिन्छन् ।' ती ९ जना पनि त्यसबाट अछुतो रहनसकेका रहेनछन् । तुरुन्त आफ्ना पार्टीका ठूलाठूला नेताहरूलाई स्याटलाइट फोनबाट खबर गर्दै उनीहरूलाई तुरुन्त हेलिकप्टरमार्फत आउन उर्दी जारी गरे । सबै दल, सबै गुट, सबै गठबन्धनका नेताहरू लगभग एउटै समयमा पुगे ।

सिधैं भगवानहरूको आँगनमा गएर हेलिकप्टर बिसाए । भगवानहरू पनि एकछिन हाम्रा नेताहरूलाई देखेर आत्तिए । सुसारेहरूले अन्तर्ध्यान हुने बत्ती निभाउन बिर्सिएको बल्ल उनीहरूले थाहा पाएका थिए । त्यही पनि भगवानहरूले आफ्ना पाउनाहरूलाई राम्रो स्वागत सत्कार गरे, आँगनमा डाके, र के कामले आएका हौ भनि सोधे । थोरै केही समय आ-आफ्ना हालचालका बारेमा एक-अर्कालाई सोधे । र आफू विशेष चुनावी माहोलका लागि त्यहाँसम्म आएको उनीहरूले सुनाए ।

भगवानहरूले पनि ध्यानदृष्टिले हेरेर 'सरकारी खर्चमा, सरकारी सम्पत्ति सकेर आएका रहेछौ, आ-आफ्ना इच्छा आकांक्षाहरू माग' भने । नेताहरूले आफूलाई ५ मिनेट सबैसँग छलफल गर्नका लागि भगवानहरूसँग समय मागे । छलफलपछि सबै नेताहरू एउटै निर्णयमा पुगे । सबै नेता गण, सबै गुट मिलेर एकजना प्रवक्ता घोषित गरे । उसले सबै बोल्ने कामहरू गर्नुपर्ने भयो । ऊ उठेर सबैलाई सम्बोधनका साथ आफ्नो भाषण सुरु गर्यो ।

दस मिनेट सबैलाई सम्बोधन गरिसकेपछि ऊ आफ्नो मुद्दामा फर्कियो, उसले आफ्ना निर्णयहरू सुनाउन थाल्यो । उसका मागहरू सुनेर भगवानहरू अलमल्ल परे । म पनि सपनामा र सपनापछि उठेर त्राही-त्राही भएको थिएँ, कस्ता हाम्रा नेताहरू भन्दै । प्रवक्ताले त्यस बखत सबै भगवानहरूलाई विभिन्न जिल्लाहरूमा आउँदा नेपाली नागरिकता बनाइदिने वाचा गरेका थिए, जसमार्फत आफूलाई पायक पर्ने जिल्लाहरूको भोटर आइडी कार्ड पनि बनाइदिने आश्वासन दिएका थिए ।

अनि हरेक चोटि आफूहरूले बनाइआएको घोषणापत्रहरूले प्रत्येक चोटि जनतालाई झुक्याउन पाइयोस् भनेर पनि वर मागेका थिए । त्योभन्दा पनि बढी मिल्छ भने त भगवानको मायाद्वारा प्रत्येक चोटि भेष बदिल्दै आफूहरूलाई धेरैभन्दा धेरै भोट हाल्नका निम्ति अनुनय विनय गरिरहेका थिए । ओहो! झल्याँस्स ब्युँझिएँ । ब्युँझिनै पर्ने पनि त बेला भएको रहेछ, यस्तो भयावहबाट । अझैं सुतेको भए सायद के-के वर माग्थे होला! असाध्यै डर लाग्यो ।

म बेलैमा ब्युँझिएका कारण भगवानले पनि तथास्तु भन्न पाएका थिएनन्, खुसी लागेर आयो । आशा छ यस्ता प्रकृतिका सपनाहरू विपनामा नदेखिऊन् । आशा गरौं नेपाल समृद्ध हुँदै जानेछ । सबैमा शुभकामना ।

-साभार: सेतोपाटी

कविता

# विसंगतले



**डा.गाणेशकुमार पौडेल**

मुलुक अतिरिक्ताको खेती हैन
निजी स्वार्थ लुट्ने भूमिपनि होइन
विंगतले यीनै कुरामा तल्लिन छ
एकताको अभियान नचलाई हुदैन

संघीयतालाई सिध्याउन खोजेको छ
लोकतन्त्रलाई मास्न खोजेको छ
षड्यन्त्रमा लागेको विसंगतले
मुलुक टुक्याउन लागि परिको छ

नेपालीले शीर उठाउन पाउँनुपर्छ
साँहि खुसिसंग बाँच्न पाउँनुपर्छ
अब नयाँ युगको सुरुवात गरेर
विसंगतीलाई बोकोझै गिड्नुपर्छ

हिमा टाढाबाट हेर्दा सुन्दर देखिन्छ
छेउमा पुग्दा चिसोले कन्याग्रीनुपर्छ
विसंगत सुट्टे बुट्टे भएर के गर्नु
हिमाल चड्दाझै चिप्लेर लडनुपर्छ

यथास्थितिको परिवर्तन हुनुपर्छ
राष्ट्रका नाममा अडान राख्नुपर्छ
विसंगति जस्तो नेता अब चाहिदैन
देश परिवर्तन गर्ने नेता चाहिन्छ

विसंगतले संघारमा पुगिसकेको छ
नराम्रोसंग हार स्वीकार्ने वाला छ
अब छिमेकी वलवान भएको हुँदा
त्यसको बैमानी रुप बल्ल देखिदैछ

दलहरुको कादमा नयाँ संरचना आएको छ
संस्कारसंगै विकास निर्माणको जिम्मा छ
घिन लाग्दो विसंगतको अनुहार हेर्दा
बेकार छ नेतृत्व गर्ने अर्को छैन त्यहि छ

मुलुकमा संविधान बन्नुथ्यो बन्यो
जनता नाकाबन्दीसंग भिडेरै जुद्नुपऱ्यो
नेपाली जनताको आकांक्षा र स्वभिमान देखेर
विसंगतले पुरपुरो समाउँनुथ्यो समायो

नेपालीहरुका लागि महत्वपूर्ण छ
सबैको मनमुटु विकाससंग जोडिएको छ
यसरी साजा उदेश्य हुँदा पनि अझै
समाज विरोधी अपराध विसंगतीको छ

चार जात छतिस वर्णको फूलबारी हो
पृथ्वी नारायण शाहले भनेकै हो
सबै नेपालीको हृदयमा बसेको छ
भाडभैलो मच्चाउने विसंगती हो

ने मुनी जस्ता जस्ता तपसी बसेको मुलुक हो
काठमाडौं भनेर चिनिएको शहर हो
संसारकै सबैभन्दा पुरानो सभ्यता छ
त्यो कुरुप बनाउने विसंगतीनै हो

सताब्दीऔ देखिको लामो इतिहास छ
अहिले मात्र होइन मल्लकाल देखिनै छ
पाँचवर्षे बालिकालाई बलात्कार गर्ने
प्रताव मल्ल जस्तो शासक देखिन्छ

# नदीको पीडा

कविता



**राकेश कार्की**

सागरलाई के थाहा
नदीहरूको पीडा
कति चट्टान र उकालो ओरालो
सहँदै बल्लतल्ल आइपुगेको छ
नूतन नौलो ठाउँमा
नयाँ रहनसहन
नवीन भाषाको परिवेशमा
आ-आफ्नै वंश बोकेर
आ-आफ्नै पहिचान बोकेर
आ-आफ्नै धर्मसंस्कृति
रीतीरिवाज र संस्कार बोकेर
उद्गम स्थलका आ-आफ्नै देशको
माटोको गन्ध बोकेर

साना-साना नदीका रहरहरू
चाहना र इच्छाहरू
जीवन सुखका संपूर्ण आकांक्षाहरू
एकछिन त्यो छालहरूको रमाइलोमा
भेट्दै खुसी हुँदै जस्तो गरेर
आखिरमा मिलाइदिन्छ
संगालेको र सम्हालेको सम्पूर्ण गाथा
अनि हराउँछ साना-साना नदी
सागरको त्यो विशालतामा
डुबिएर त्यो त्यत्रो गहिराइमा

समयको चक्र न हो
एउटा विशाल सागरभित्र
विलीन हुन्छन् सबै नदी
न त त्यसले आफ्नो
भाषा सम्हाल्न सक्छ
न त वंश अँगाल्न सक्छ
न त धर्मसंस्कृति
न त रीति-रिवाज र संस्कार
जोगाउन सक्छ
बुँद-बुँद मिलेर बनेको
सागरको विशालतामा
हरेक बुँद घोलिइसकेको हुन्छ
विशालतामै बिलाएर
आफ्नो पहिचान गुमाएर
माटोको गन्ध हराएर ।

**गजल**



**लीलाराज दाहाल**

घरमा तिनलाई हेला भए बेग्लै हो
बीच बाटोमै अबेला भए बेग्लै हो ।

घर नपुगी बास बस्दैनन् त्यसरी
फेरि पनि झमेला भए बेग्लै हो ।

उदासिन छ दुनियाँ रमझमदेखि,
रंगी बिरंगी मेला भए बेग्लै हो ।

सक्दैनन् सुनिरहन गुरुको प्रवचन
असल जिज्ञासु चेला भए बेग्लै हो ।

परिश्रमी हो कि होइन कसरी चिन्नु
हातमा तिनको ठेला भए बेग्लै हो ।

# विकेश कुथु राष्ट्रिय टिमको प्रशिक्षणमा नजाने



काठमाडौं/त्रिभुवन आर्मी क्लबका गोलरक्षक विकेश कुथुले राष्ट्रिय टिमको प्रशिक्षणमा जान अस्वीकार गरेका छन् ।

आसन्न एसियन कप छनोटको तयारीमा रहेको राष्ट्रिय फुटबल टोलीका १० खेलाडीले बन्द प्रशिक्षण छाडेपछि मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले शुक्रबार विकेशसहित १७ जना नयाँ खेलाडी थप गरेका थिए । आफूलाई टिममा समावेश गरिएपछि कुथुले सामाजिक सञ्जालमार्फत आफू खेलाडीको जायज मागप्रति समर्थन जनाउँदै राष्ट्रिय टिमको प्रशिक्षणमा सहभागी नहुने बताएका हुन् । विगतमा सञ्चारमाध्यममा बोलेकै कारण आफूलाई टिमबाट निकालिएको स्मरण गर्दै उनले लेखेका छन्, 'हाल राष्ट्रिय टोलीमा भएको घटनाक्रम मलाई पूर्ण रुपमा अवगत भएको र खेलाडी साथीहरुमा पर्न गएको मर्का मैले बुझेको छु ।

साथै विगतमा म पूर्ण फिट हुँदाहुँदै पनि मलाई मिडियामा बोलेको भनेर आरोप लगाउँदै राष्ट्रिय टिमबाट अलग गरिएको घटना यथावत नै छ । तसर्थ मेरो राष्ट्र र राष्ट्रिय टिमको सम्मान गर्दै राष्ट्रका लागि सदा डटिरहने खेलाडी साथीहरुको जायज मागप्रति समर्थन जनाउँदै राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा सहभागी हुन असमर्थ रहेको जानकारी गराउँछु ।'

यसै बीच नेपाल ओलम्पियन संघले फुटबल खेलाडीले आधारभूत सुविधाका लागि आवाज उठाउँदा प्रशिक्षक अल्मुताइरीले १० खेलाडीलाई टिमबाट निकालेको घटनाको निन्दा गरेको छ । संघका अध्यक्ष दीपक विष्टले वक्तव्य जारी गर्दै व्यवस्थापकीय विषयमा प्रशिक्षकको अनावश्यक हस्तक्षेप स्वीकार गर्न नसकिने बताएका छन् । -साभार: अनलाईनखबर

# बिपी प्रतिष्ठानमा १८ वर्षपछि डायलासिस मेसिन

काठमाडौं/धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नयाँ डायलासिस कक्ष सञ्चालनमा आएको छ । प्रतिष्ठानमा यसअघि रहेका आठ शय्याको कक्षलाई विस्तार गरी बिहीबारदेखि २० शय्याको डायलासिस कक्ष सञ्चालनमा ल्याइएको हो ।

अस्पतालमा बिहीबार आयोजित कार्यक्रममा प्रतिष्ठानका उपकुलपति डा ज्ञानेन्द्र गिरीले उक्त कक्षको उद्घाटन गरे ।

उपकुलपति गिरीले २० शय्यासहितको डायलाइसिस युनिट सञ्चालनमा आएपश्चात् पूर्वी भेगका मिर्गौलाका बिरामीको उपचारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

पूर्वी नेपालको सबभन्दा ठूलो र उत्कृष्ट अस्पतालका रूपमा रहेको प्रतिष्ठानमा यसअघि डायलाइसिस गर्ने मेसिनको कमी हुँदा बिरामीले सास्ती बेहोर्दै आएका थिए ।




बीस शय्यामा उपचार कक्ष सञ्चालनमा आएपछि बिरामीले सहज रूपमा सेवा पाउने अवस्था बनेको प्रतिष्ठानका प्रवक्ता चुडामणि पोखरेलको भनाइ छ ।

अहिले प्रतिष्ठानमा दैनिक करिब १२० बिरामीले नियमित डायलासिस गर्दै आएका छन् । यसअघि रहेका आठ मेसिनले प्रतिष्ठानमा आएका बिरामीलाई सेवा दिन नसक्दा करिब ५० जनाले डायलासिस सेवा लिन सकेका थिएनन् । प्रतिष्ठानमा डायलाइसिस सेवा सुरू भएको २३ वर्ष भइसकेको छ । सन् १९९९ मा तत्कालीन उपकुलपति डा शेखर कोइरालाको कार्यकालमा प्रतिष्ठानमा डायलासिस सेवा सुरू भएको थियो ।

दुई शय्याबाट सुरू गरिएको उक्त सेवा अपुग भएपछि त्यसबेला मेडिसिन विभागका डा सञ्जीवकुमार शर्माले सोही अस्पतालबाट आफैंले घर बसेर गर्ने सिएपिडी प्रविधिको डायलासिस सेवाको सुरूआत गरेका थिए ।

सन् २००२ देखि प्रतिष्ठानमा सुरू भएको यो विधि पाँच वर्षसम्म अरू कुनै अस्तालमा हुन सकेको थिएन । सन् २००४ मा डा. शर्माकै पहलमा बेलायतस्थित रोयल लण्डन अस्पतालबाट ११ थान डायलासिस मेसिन ल्याइएपछि अस्पतालको मेडिकल विभागअन्तर्गत डायलासिस युनिटको स्थापना गरिएको थियो । -साभार: सेतोपाटी

# साउनयता १५ सय भित्रिए विद्युतीय गाडी, ६ महिनासम्म कुर्छन् ग्राहक

काठमाडौं/गत साउनयता मात्रै करिब १५ सय विद्युतीय (इलेक्ट्रिक) चारपांग्रे गाडी नेपालमा भित्रिसके, तर यो संख्या मागको तुलनामा न्युन हो । नाडा अटोमोबिल्स एसोसिएसन अफ नेपालका अनुसार पर्याप्त अनुसार आपूर्ति हुन नसकेपछि कतिपय ब्रान्डका ग्राहकलाई बुकिङपछि ६ महिनाभन्दा बढी पर्खिनुपर्ने बाध्यता परेको छ ।

मागअनुसार आयात हुन नसके पनि गत वर्षकोभन्दा उच्च दरमा बढेको छ । भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा विद्युतीय सवारी आयातको उच्च दरमा बढेको छ । तर, उत्पादक तथा वितरक कम्पनीहरुले मागअनुसार गाडी आपूर्ति गर्न सकिरहेका भने छैनन् ।

बजारमा विद्युतीय सवारीको हाहाकार जस्तै छ । महामारीपछि विद्युतीय सवारीको उत्पादन खस्किएका बेला नेपालमा माग अस्वाभाविक रुपमा बढ्दा आपूर्ति पनि प्रभावित भएको हो । चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ९ महिना (साउनदेखि चैतसम्म)मा १ हजार ४ ७३ विद्युतीय कार नेपाल भित्रिसकेका छन् ।

आर्थिक वर्षको पहिलो ९महिनामा १०० किलोवाटसम्मका ७३८ वटा सवारी नेपाल भित्रिएको छ । १०० भन्दा ठूलो तर १५० किलोवाटसम्मका १३ वटा विद्युतीय चारपांग्रे सवारी आयात भएको छ । १५० किलोवाटभन्दा माथि २०० किलोवाटसम्मका ७१९ वटा विद्युतीय कार जीप र भ्यान आयात भइसकेको छ ।

२ सय किलोवाटभन्दा धेरैका ३ वटा सवारी नेपाल भित्रिएको छ । ७ महिनामा करिब ४ अर्ब २९ करोड रुपैयाँ मूल्य बराबरको विद्युतीय सवारी आयात भएको छ । यी सवारीबाट सरकारले १ अर्ब १६ करोड रुपैयाँ भन्सार राजस्व संकलन गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ को बजेटले विद्युतीय सवारीको करमा व्यापक वृद्धि गरेपछि घटेको विद्युतीय सवारीको आयात चालु आर्थिक वर्षमा कर कम गरिएपछि बढ्न थालेको थियो । भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ७ महिनामा मात्रै ११ सय ९१ वटा विद्युतीय कार/जीप भ्यान



आयात भएको छ । जबकी गत सिंगो आर्थिक वर्ष २०७७/७८ मा २६१ वटा विद्युतीय कार/जीप भ्यान आयात भएको थियो । नाडाका अनुसार यो वर्ष बजेटमा कर पुनरावलोकन भएकाले विद्युतीय सवारीको माग ह्वात्तै बढेको छ ।

धेरैजसो कम्पनीलाई मागअनुसार आपूर्ति धान्न पनि कठिन छ । नाडाका अध्यक्ष ध्रुव थापा कर सहुलियत, सहज बैंकिङ सुविधा, पेट्रोल डिजेलको मूल्यमा भइरहेको वृद्धि, वातावरणप्रतिको बढ्दो सचेतना र इलेक्ट्रिक सवारी प्रयोगको विश्वव्यापी ट्रेन्ड लगायतका कारण विद्युतीय सवारीमा आकर्षण बढेको बताउँछन् । विद्युतीय सवारी विदेशमा नै पेट्रोल-डिजेलबाट चल्ने सवारी भन्दा महँगो भएपनि पेट्रोलबाट चल्ने सवारीमा २४० प्रतिशतसम्म कर लगाउँदा विद्युतीय सवारीमा करिब ८० प्रतिशतसम्म मात्रै कर लगाइएकाले धेरैले वातावरणमैत्री सवारीमा जान इच्छा देखाएको उनले बताए ।

तर, उत्पादन नै कम भएकाले मागअनुसार विद्युतीय सवारीको आपूर्ति हुन नसकेको नाडाका अध्यक्ष थापाको भनाइ छ । कार उत्पादक कम्पनीहरुले मागअनुसार आपूर्ति दिन नसक्दा वितरक कम्पनीले विद्युतीय सवारीका धेरै ग्राहकलाई कुराइरहनु परेको हो । अन्तर्राष्ट्रिय बजारमा विद्युतीय चिप्स र सेमि कन्डक्टरको अभाव भएपछि विद्युतीय सवारीको उत्पादन प्रभावित छ । अहिले विद्युतीय सवारी बुकिङ गर्ने ग्राहकलाई कतिपय कम्पनीले ६-७ महिनासम्म कुराएका छन् । सरकारले लिएको नयाँ कर नीति र इलेक्ट्रिक प्रोडक्टले नेपाली बजारमा निकै राम्रो प्रभाव छाड्दा छोड्दै पनि मागअनुसार आपूर्ति गर्न नसक्दा समस्या भएको व्यवसायीहरु बताउँछन् ।

सरकारले चालु आर्थिक वर्षदेखि विद्युतीय सवारीको आयातमा लाग्दै आएको करमा व्यापक हेरफेर गरेको थियो । अन्त:शुल्क हटाएको छ भने भन्सार दर पनि प्रगतिशील बनाएको छ । यसले विद्युतीय सवारीलाई फेरि उपभोक्ताले किन्न सक्ने अवस्थामा ल्याएको नाडाको विश्लेषण छ ।

बजेटले विद्युतको आन्तरिक खपत वृद्धि गर्न तथा वातावरणमैत्री यातायातका साधनको प्रयोगलाई बढावा दिन भन्दै विद्युतीय सवारी साधनको आयातमा अन्त:शुल्क पुरै खारेज गरी भन्सार महसुल समेत घटाएको थियो ।

करको हेरफेरले विद्युतीय सवारीहरु 'अफोर्डेबल' हुने अवस्था बनेपछि फेरि विद्युतीय सवारीमा उपभोक्ता तानिएको व्यवसायीहरु बताउँछन् । चालु आर्थिक वर्ष २०७७/७८ को बजेट ल्याउनुअघि विद्युतीय सवारीमा खरिद मूल्यको १० प्रतिशत अन्त:शुल्क, १३ प्रतिशत भ्याट र ४ प्रतिशत सडक दस्तुर थियो भने भन्सार शुल्क पूरै छुट थियो ।

तत्कालीन अर्थमन्त्री युवराज खतिवडाले २०७७ जेठमा ल्याएको बजेटमा ८० प्रतिशतसम्म अन्त:शुल्क र ४० प्रतिशतसम्म भन्सार लगाइएको थियो । उपभोक्ता र व्यवसायीले विरोध गरेपनि खतिवडा टसमस भएका थिएनन् । विद्युतीय सवारीमा मान्छेको रुची बढेअनुसारको पूर्वाधार प्रोत्साहनमुकल वातावरण बनाउन सकियो भने नेपाल पछि छिट्टै विद्युतीय सवारीको प्रयोग केही वर्षमा राम्रो अवस्थामा पुग्ने व्यवसायीको भनाइ छ ।

ओलीकै सरकारमा विष्णु पौडेल अर्थमन्त्री भएपछि विद्युतीय सवारीको अन्त:शुल्क दर संशोधन गर्दै सरकारले ५० किलोवाटसम्मका विद्युतीय सवारीले अन्त:शुल्कमा ८० प्रतिशत, ५१ देखि १०० किलोवाटका सवारीले अन्त:शुल्कमा ७५ प्रतिशत र १०१ देखि १५० किलोवाटसम्मका विद्युतीय सवारीले अन्त:शुल्कमा ७० प्रतिशत छुट दिने निर्णय गरेको थियो ।

तर पनि मूल्य उच्च भएकाले तल्लो रेन्जका विद्युतीय गाडी किन्न पनि नसक्ने अवस्था कायमै थियो । आर्थिक वर्ष २०७७/७८ को बजेटपछि ६० लाख रुपैयाँमा पाइने विद्युतीय गाडीको मूल्य १ करोड १७ लाखसम्म पुगेको थियो ।

कर संशोधनपछि त्यही गाडी ९० लाख ९१ हजार रुपैयाँमा झरेको थियो । तर, चालु आर्थिक वर्ष २०७८/७९ को बजेटले तल्लो 'रेन्ज'को विद्युतीय सवारीमा लाग्ने भन्सार महसुल १० प्रतिशत मात्रै राखेको छ, पहिलाजस्तै मूल्य अभिवृद्धि कर र सडक दस्तुर भने तिर्नुपर्ने छ । यो रेन्जमा मध्यमवर्गीय परिवारले चढ्न सक्ने गाडीहरु हुन्छन् ।

सरकारले नयाँ बजेटमार्फत १ सय किलोवाटसम्मका विद्युतीय सवारी आयात गर्दा खरिद मूल्यको १० प्रतिशत भन्सार तिरे पुग्ने व्यवस्था गरेको छ । अहिले यो रेन्जको गाडीको मूल्य गत वर्षको बजेट आउनु अघिकै हाराहारीमा आइपुगेको छ ।

त्यसभन्दा माथिल्लो क्षमता भएका गाडीमा पनि सरकारले मोटरको क्षमताअनुसार स्ल्याब राखेर भन्सार दरलाई प्रगतिशील बनाएको छ । अब १ सयदेखि २ सय किलोवाटसम्म मोटर क्षमता भएका विद्युतीय सवारीमा १५ प्रतिशत भन्सार लाग्न बनाइएको छ ।

२ सयदेखि ३०० किलोवाटसम्मका विद्युतीय सवारीमा लाग्ने भन्सार दर ३० प्रतिशत कायम गरिएको छ । ३ सय किलोवाटभन्दा माथिका मोटर जोडिएका सवारीमा ४० प्रतिशत भन्सार दर कायम भएको छ । अहिले माथिल्ला रेन्जका गाडी पनि पहिलेभन्दा निकै सस्तो भएको छ । तल्लो रेन्जका सवारीको मूल्य विगतकै नजिकको मूल्यमा झरेको छ ।

व्यवसायीहरुका अनुसार गत वर्षको बजेटले विद्युतीय सवारी प्रवर्द्धनको बिगारेको बजार पुरानो अवस्थाबाट पनि सुधारिएर अघि बढेको छ । विद्युतीय गाडी प्रवर्द्धनका लागि करमा छुटसँगै रातिको समयमा चार्ज गर्दा छुट दिने, विद्युतीय चार्जिङ स्टेसनको संख्या बढाउने जस्ता योजना पनि सँगसँगै ल्याउनुपर्ने उनीहरुको धारणा छ ।

विद्युतीय सवारीमा मान्छेको रुची बढेअनुसारको पूर्वाधार प्रोत्साहनमुकल वातावरण बनाउन सकियो भने नेपाल पछि छिट्टै विद्युतीय सवारीको प्रयोग केही वर्षमा राम्रो अवस्थामा पुग्ने व्यवसायीको भनाइ छ । सरकारले पर्याप्त चार्जिङ स्टेसनको पूर्वाधार बनाउन र विद्युतीय सवारीको एन्टिडम्पिङ नीति ल्याउन नाडाको पनि माग छ ।

'प्रदूषण हुँदैन भने जथाभावी विद्युतीय सवारी ल्याउन दिन हुँदैन, भविष्यमा काम नलाग्ने भएको ब्याट्री समस्याको विषय बन्ने भएकाले गुणस्तरीय विद्युतीय सवारी आयातालाई मात्रै प्रोत्साहित गर्नुपर्छ,' अध्यक्ष थापा भन्छन् । -साभार: अनलाईनखबर

# नेपाल प्रहरी र सशस्त्रमा १६ वर्षमै निवृत्तिभरणको प्रस्ताव

काठमाडौं/नेपाल प्रहरी र सशस्त्र प्रहरी कर्मचारीले १६ वर्षमै निवृत्तिभरण पाउने गरी प्रहरी (११ औं संशोधन) नियमावली २०७१ र सशस्त्र प्रहरी (दोस्रो संशोधन) नियमावली २०७२ प्रस्ताव गरिएको छ । उक्त प्रस्ताव गृहमन्त्री बालकृष्ण खाणबाट स्वीकृत भई सहमतिका लागि अर्थ मन्त्रालयमा पठाएको बताइएको छ । अर्थ र कानून मन्त्रालयबाट सहमति भएर आएपछि गृहमन्त्रालयले निर्णयका लागि मन्त्रिपरिषद्मा पेश गर्नेछ ।

यसअघि २० वर्ष सेवा अवधि नपुगेसम्म निवृत्तिभरण पाउने व्यवस्था थिएन । उक्त विनियमावली संशोधन भएमा १६ वर्षमै अवकाश लिन सकिने भएकाले तल्लो तहका प्रहरी कर्मचारी राहत मिल्नेछ । मन्त्रालयले मूल नियमावलीको नियम १३१, उपनियम (१) मा (१ क) थप गरी उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि वि.सं २०६० चैत २६ पछि नेपाल प्रहरीमा नियुक्त हुने प्रहरी कर्मचारीको हकमा सेवा अवधि र निवृत्तिभरण संशोधनको प्रस्ताव गरेको हो ।

प्रस्तावित नियमावलीमा निवृत्तिभरण प्राप्त गर्न प्रहरी निरीक्षकदेखि महानिरीक्षकसम्मको निवृत्तिभरणको अवधि २० वर्ष, प्रहरी सहायक निरीक्षकदेखि प्रहरी वरिष्ठ नायब निरीक्षकसम्म १८ वर्ष र प्रहरी जवानदेखि वरिष्ठ हवल्दार तथा कार्यालय सहयोगीको हकमा १६ वर्षे सेवा अवधि तोकिएको छ ।

बीस वर्ष सेवा अवधि नपुग्दै अवकाश पाएको खण्डमा भने निवृत्तिभरण वापतको रकम नियुक्ति भएको मितिले २० वर्ष पूरा गरेको दिनबाट मात्रै पाउनेछन् । हाल लागू भइरहेको नियमावलीको नियम १३१ को उपनियम (१) मा २० वर्ष वा




सोभन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेका प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएमा निवृत्तिभरण पाउने व्यवस्था थियो । त्यसलाई सहजीकरण गर्दै तहगत विभाजन गरी सेवा अवधि घटाएर निवृत्तिभरण पाउने व्यवस्था गर्न लागिएको हो ।

यसअघि नवौं संशोधनबाट वि.सं २०६० चैत २६ अघि नियुक्त भएकाको हकमा मात्र उक्त सेवा प्राप्त थियो । अब संशोधन भएमा त्यसपछि नियुक्त प्रहरी कर्मचारीले समेत उक्त सेवा पाउने छन् । अवकाश पाएदेखि निवृत्तिभरण पाउनेसम्मको चारवर्षे अवधिमा उनीहरु विभिन्न क्षेत्रमा वा वैदेशिक रोजगारीमा समेत गएर आकर्षक जागिर खान सक्नेछन् ।

यस्तै उनीहरुको स्थायी दरबन्दी खाली हुँदा नयाँ युवाले रोजगारी पाउनेछन् । उक्त व्यवस्थाबाट तल्लो तहका कर्मचारीलाई राज्यले केही हेरेको भन्ने महसुस भई सेवामा थप उत्प्रेरणा मिल्ने विश्वास गृहमन्त्री खाणको रहेको उनका प्रेस संयोजक मधुसुदन भट्टराइले जानकारी दिए । यस्तै मूल नियमावलीको नियम १३४ मा रहेको अशक्त भत्ता पनि २० प्रतिशतबाट ५० प्रतिशतमा पुर्याउने गरी प्रस्ताव गरिएको छ ।

मूल विनियमावलीको नियम ८७ को उपविनियम (६) मा प्रहरी महानिरीक्षकको अध्ययन बिदा बाहेकका बिदा गृहमन्त्रीबाट स्वीकृत हुनेछ भन्ने प्रतिबन्धात्मक वाक्यांश थप्न प्रस्ताव गरिएको छ ।

**सशस्त्र प्रहरीमा पनि संशोधन प्रस्ताव**

यस्तै गृहमन्त्रालयले सँगसँगै सशस्त्र प्रहरी (पहिलो संशोधन) नियमावली २०७२ पनि संशोधन प्रस्ताव अघि बढाएको छ । प्रस्तावित नियमावलीमा पनि सशस्त्र प्रहरीको निरीक्षकदेखि महानिरीक्षकसम्मको हकमा २० वर्ष सेवा अवधि पूरा गरेमा निवृत्तिभरण पाउने व्यवस्था गरिएको छ । यस्तै सशस्त्र प्रहरी सहायक निरीक्षकदेखि सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षकसम्मको हकमा १८ वर्ष र सशस्त्र प्रहरी जवानदेखि सशस्त्र प्रहरी वरिष्ठ हवल्दार तथा परिचरको हकमा पनि निवृत्तिभरणको अवधि १६ वर्ष तोक्ने गरी प्रस्ताव गरिएको छ ।

नेपाल प्रहरीमा जस्तै सशस्त्रमा पनि निवृत्तिभरणको सुविधा लिन भने नियुक्ति भएको मितिबाट २० वर्ष पुगेको हुनुपर्नेछ ।

यस्तै सशस्त्र प्रहरीमा मूल नियमावली २०७२ को नियम ७२ को सट्टा बहालवाला सशस्त्र प्रहरी कर्मचारीले तलब वृद्धि हुँदा स्केलको सुरु अंगमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाइ रकम समान पदको निवृत्त सशस्त्र प्रहरी कर्मचारी, अशक्त सशस्त्र तथा असाधारण निवृत्तिभरण बुझिरहेका अमर सशस्त्र प्रहरी कर्मचारीका परिवारको निवृत्तिभरणमा पनि थप हुने प्रस्ताव गरिएको छ ।

हाल कायम रहेको विनियमावलीमा 'अशक्त र असाधारण निवृत्तिभरण बुझिरहेका अमर सशस्त्र प्रहरीका परिवार' भन्ने वाक्यांश थिएन । गृहमन्त्रालयले अशक्त भत्ता नेपाल प्रहरीमा जस्तै सशस्त्रमा पनि २० बाट ५० प्रतिशत पुर्याउने प्रस्ताव गरेको छ ।

यस्तै महिला सशस्त्र प्रहरी कर्मचारीका हकमा ६० दिन सुत्केरी बिदा पाउँदै आएकामा ९८ दिन हुने प्रस्ताव गरिएको छ ।

उनीहरुका लागि बेतलबी बिदा तीन महिनासम्म पाउनेमा अब संशोधन भएर आएमा ६ महिनासम्म पाउनेगरी संशोधन प्रस्ताव गरिएको छ । प्रस्तावित विनियमावलीमा अध्ययन बिदा नेपाल सरकार र अन्य बिदा गृहमन्त्रीबाट स्वीकृत हुने प्रस्ताव गरिएको छ ।

-साभार: रातोपाटी

# 'ए मेरो हजुर ४'को व्यापार ६ करोड नजिक




काठमाडौं/झरना थापा निर्देशित फिल्म 'ए मेरो हजुर ४'को दुई हप्ते कलेक्सन रिपोर्ट सार्वजनिक भएको छ । प्रदर्शनको पहिलो हप्ता घरेलु बक्सअफिसमा ४ करोड १ लाख कमाएको फिल्मले दोस्रो हप्तामा १ करोड ५ लाखको व्यापार गरेको निर्माण टिमद्वारा जारी रिपोर्टमा उल्लेख छ । पहिलो र दोस्रो हप्ताको कलेक्सन प्लस गर्दा फिल्मले दुई हप्तामा ५ करोड ६ लाखको कमाई गरेको छ ।

पहिलो हप्ता आक्रामक कमाएको फिल्मले दोस्रो हप्ता सन्तोषजनक व्यापार गरेको देखिन्छ । दर्शकको चापअनुसार मल्टीप्लेक्समा शोज नबढ्नुले पनि फिल्मले दोस्रो हप्तामा कमाईमा उछाल ल्याउन नसकेको हो । यद्यपि, साउथ फिल्म 'केजीएफ २'ले बक्सअफिसमा बलियो पकड बनाइरहँदा पनि फिल्मले दुई हप्तामा ५ करोड ६ लाखको व्यापार गर्नुलाई बम्पर मान्न सकिन्छ । बिहीवारबाट तेस्रो हप्तामा प्रदर्शन आरम्भ गरेको फिल्मले अब बक्स अफिसमा जादू चलाउने सम्भावना छैन । यसकारण फिल्मको लाइफटाइम कलेक्सन ६ करोडको आसपास टुंगिने देखिन्छ । यो फिल्मले 'केजीएफ २'का कारण अघिल्ला दुई सिरिजको लाइफटाइम कलेक्सनलाई समेत छुन नसक्ने देखिएको छ । तर, फिल्मले घरेलु बक्सअफिसबाटै लगानी भने सुरक्षित गरेको छ ।

सुनिल कुमार थापा निर्मित फिल्ममा अनमोल केसी, सुहाना थापा, सलोन बस्नेत, रवि गिरी, सरोज खनाल, लुनिभा तुलाधर, रक्षा गौतम, रेअर राई लगायतको अभिनय रहेको छ । मित्र डि. गुरुङको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी, शैलेश श्रेष्ठको ब्याकग्राउन्ड स्कोर र हिमाल केसीको द्वन्द्व निर्देशन रहेको फिल्मको कथा झरना थापा र स्वं. छेतन गुरुङले मिलेर लेखेका हुन् । -फिल्मीखबर

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

# राष्ट्रिय फुटबल टोलीमा १७ नयाँ खेलाडी थपिए



काठमाडौं/१० खेलाडीलाई निकालेका राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले १७ नयाँ खेलाडीलाई बन्द प्रशिक्षणमा डाकेका छन् ।

एसियन कप छनोट चरणको तयारीका प्रशिक्षणमा रहेका खेलाडीलाई एन्फा होस्टलमा नभई होटलमा राख्नुपर्ने माग खेलाडीका तर्फबाट राखेका रोहित चन्दलाई अलमुताइरीले टोलीबाट निकालेपछि विवाद सुरु भएको थियो ।

अन्य ९ खेलाडीले रोहितका विषयमा छलफल गर्न खोज्दा अलमुताइरील उनीहरु पनि प्रशिक्षण छाडेर जान सक्ने बताएपछि विवाद झन चर्केको थियो ।

मंगलबार क्याम्प छाडेका खेलाडीको ठाउँमा अलमुताइरीले विकेश कुथु,जर्ज प्रिन्स कार्की लगायतका १७ खेलाडी लाई बन्द प्रशिक्षणमा बोलाएका हुन् ।

थपिएका खेलाडीले बुधबारबाट नै प्रशिक्षण सुरु गरेको बताइएको छ । विकेश भने प्रशिक्षणमा सामेल थिएनन्रु ।

१० खेलाडीले बिहीबार संयुक्त रुपमा पत्रकार सम्मेलन गर्दै घटनाविवरण सार्वजनिक गरेका थिए । -साभार: हाम्रो खेलकुद

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उद्योग वाणिज्य संघद्वारा प्रहरीलाई ज्याकेट सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ मकवानपुर उद्योग वाणिज्य संघले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई एक सय १० थान ज्याकेट सहयोग गरेको छ ।

संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको नेतृत्वको टोलीले जिल्ला प्रहरी कार्यालय, हेटौंडा-१० मा गई ज्याकेट हस्तान्तरण गरेको हो । टोलीमा संघका उपाध्यक्ष प्रमोद सिंह रानाभाट, कोषाध्यक्ष सन्तोष कुमार अर्याल, सचिवद्वय राजाराम कार्की, श्रीकृष्ण कर्माचार्य र कार्यसमिति सदस्य तेजराज अधिकारीको सहभागिता रहेको थियो । संघले शुक्रबार दुईवटा बस्तुगत संघका नव निर्वाचित कार्यसमितिलाई स्वागत तथा सम्मान पनि गरेको छ ।



दामोदर प्रसाद अटलको अध्यक्षतामा रहेको हेटौंडा अटोमोबाइल एशोसिएशन र राजु नेपालको अध्यक्षतामा रहेको मकवानपुर मुद्रण उद्योग संघलाई स्वागत तथा सम्मान गरिएको हो । कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो । बस्तुगत संघहरुको उत्साह बढाउन र आपसी सम्बन्ध सुमधुर बनाउन स्वागत कार्यक्रमको थालनी गरिएको अध्यक्ष गुप्ताले कार्यक्रममा बताए । त्यसैगरी बस्तुगत संघका अध्यक्षहरुले स्वागत ग्रहण गर्दै स्वागत तथा सम्मानको लागि धन्यवाद ज्ञापन गर्दै बस्तुगत संघका समस्यहरु हल गर्न मकवानपुर उद्योग वाणिज्य संघले पहल गर्ने विश्वास लिएको बताए । कार्यक्रममा मउवासंघका अध्यक्ष कृष्ण कुमार गुप्ता, बस्तुगत संघका अध्यक्ष दामोदर प्रसाद अटल र राजु नेपाल, संघका उपाध्यक्ष राजु अधिकारी, सचिव माधव ज्ञवाली र कार्यसमिति सदस्य प्रदिप अर्यालले मन्तव्य राखेका थिए ।

# विना अवरोध निर्वाचनमा भाग लिने व्यवस्था गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ राष्ट्रिय अपांग महासंघ नेपालले अपांगता भएका व्यक्तिहरुलाई विना अवरोध निर्वाचनमा भाग लिन सक्ने व्यवस्था गर्न माग गरेको छ ।

शुक्रबार एक विज्ञप्ति निकाल्दै महासंघले अपांगता भएका व्यक्तिहरुलाई घरदेखि मतदान केन्द्रसम्म विना अवरोध सहज वातावरणमा पुग्न सक्ने व्यवस्था गर्न माग गरेको हो । महासंघका अध्यक्ष अश्विन लम्सालद्वारा हष्ताक्षरित विज्ञप्तिमा अपांगता भएका व्यक्तिहरुलाई यातायातको व्यवस्था । सहायक सामाग्रीको व्यवस्था गरि आफूले चाहेको व्यक्ती वा दललाई स्वतन्त्र पुर्वक मतदान गर्ने व्यवस्था र मतदान केन्द्रलाई पहुँचयुक्त बनाउन माग गरिएको छ ।

# प्रतिपक्षी आत्तिसक्यो: बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेशकुमार बानियाँले सत्तागठबन्धनको पक्षमा देखिएको माहौलबाट विपक्षी दल आत्तिएको बताएका छन् ।

शुक्रबार हेटौंडा-८ मा भएको चुनावी सभालाई सम्बोधन गर्दै बानियाँले गठबन्धनको पक्षमा उपमहानगरभर जनमत देखेर विपक्षी दल आत्तिएको बताएका हुन् । 'अब लालकिल्ला तोडिन्छ । सहि जनप्रतिनिधि हेटौंडाले पाउने छ । अहिलेसम्म गलत जनप्रतिनिधि छनौट हुँदा हेटौंडाको विकास भएन ।', उनले भने । बानियाँले सत्तारुढ गठबन्धन हेटौंडामा विजयी भएसँगै हेटौंडाको हरेक वडाको समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । उनले सत्तारुढ गठबन्धनसँग मात्र हेटौंडा विकासका खाका र रहेको बताए ।

# "ड्रग डिटेक्ट किट"मार्फत् लागूऔषध सेवन परीक्षण



लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले 'ड्रग डिटेक्ट किट'मार्फत लागूऔषध सेवन परीक्षण शुरु गरेको छ । आजबाट जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले लागूऔषध सेवन गरेर सवारी चलाउने चालकहरुको पहिचान गर्न उनीहरुको पिसाबको माध्यमबाट परीक्षण शुरु गरेको हो ।

मकवानपुरमा लागूपदार्थ उत्पादन र ओसारपसारको साथै सेवन पनि धेरै हुने सम्भावित क्षेत्र भएकोले लागूपदार्थको सेवनलाई घटाउदै सवारी दुर्घटना न्युनिकरण गर्न यो परिक्षण सञ्चालनमा ल्याइएको ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्लामा पछिल्लो समय बढ्दो दुर्घटनाको पछाडि लागूऔषध सेवन नै मुख्य कारण देखिएको समेत प्रहरीले जनाएको छ । ट्राफिक प्रहरी निरीक्षक मुनेन्द्र थापाले आजबाट चालकहरुमा 'ड्रग डिटेक्ट किट'मार्फत परीक्षण सुरु गरिएको बताए । उनले ठूला, साना सबै सवारी साधनका चालकहरुलाई परीक्षण गरिने जानकारी दिए ।

# सीप विकास तालिम केन्द्रको विभिन्न तालिम समापन

साझाकुरा संवाददाता

हेटौंडा, १६ बैशाख/ व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडाले सञ्चालन गरेको विभिन्न प्रकारका तालिमको समापन गरिएको छ ।

केन्द्रले सञ्चालन गर्दै आएको महिला आवासीय तालिम, कम्प्युटर सृटवेयर, बिधुत जडान र प्लमबिङ्ग तथा कटाई सिलाई लगतायतको तालिमको समापन गरिएको हो । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका निमित्त सचिव हरिहर पोखरेलको प्रमुख आतिथ्यतामा शुक्रबार भएको कार्यक्रममा तालिममा सहभागी ६५ जना महिला र ४२ जना पुरूष गरी जम्मा एकसय ७ जना प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो ।

केन्द्रले ६ महिने महिला आवासीय तालिम, कम्प्युटर सृटवेयर र ३ महिने बिधुत जडान र प्लमबिङ्ग तथा सिलाई कटाई सम्बन्धी तालिम दिएको थियो । तालिम केन्द्र हेटौंडाका केन्द्र प्रमुख युवराज गुरुङ्गको अध्यक्षतमा भएको कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल, मद्धति तथा सेवा गुल्म मकवानपुरका सशस्त्र प्रहरी निरीक्षक निरज राज पौडेल, उधमशिलता विकास तालिम संचालन श्रोत व्यक्ति प्रधुम्न उपाध्याय, केन्द्रका लेखा अधिकृत डोर बहादुर खड्का लगायत तालिम केन्द्रका प्रशासनिक र विषय गत प्राविधिक कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा प्लमबिङ्ग प्रशिक्षक फणिन्द्र तिमल्सिनाले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।


## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल


## बालबालिकालाई दिइने टाइफाइड खोप सम्बन्धी सूचना




यही चैत २५ गते देखि वैशाख १८ गते सम्म देशैभरका १५ महिना देखि १५ वर्षमुनिका सबै बालबालिकालाई टाइफाइड खोप प्रदान गरिँदै छ । बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगि टाइफाइडको खोप अनिवार्य लगाऔं । खोप लगाउने निश्चित मिति र स्थानको बारेमा जानकारी लिन स्वास्थ्य संस्था, विद्यालय वा वडा कार्यालयमा सम्पर्क गरौं ।

*साथै यस अभियान पश्चात् नियमित खोप कार्यक्रममा टाइफाइड खोप पनि समावेश गरिनेछ र १५ महिना पुगेका सबै बालबालिकालाई एक डोज टाइफाइड खोप प्रदान गरिनेछ ।*

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



**ADMISSIONS OPEN FOR 2079**

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially responsible institution...*

*Madhav Raj Sumargi Memorial Scholarship based on* **Entrance Tests** 189+ Seats

*Rup Chandra Bista "Thaha" Memorial Scholarship based on* **Students' Talent** 108+ Seats

*Bishwakanti Kalawati Sumargi Scholarship based on* **Students' Rank** 39+ Seats

Scholarship Test 17 Baishakh 2079 APPLY NOW Admission forms are also available online www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np



साझाकुरा www.sajhakuranews.com

"तपाईं हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



*साझाकुरा* खोजी खोजी पढौं । दैनिक रुपमा समाचार पढौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना